# लम्कीचुहा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# भल्का, कैलाली
# सुदूरपश्चिम प्रदेश, नेपाल

मनोसामाजिक परामर्शकर्ता (सहायक पाँचौ तह) को खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

**परिक्षा योजना (Examination Scheme)**

| चरण | विषय | पूर्णाङ्क | परिक्षाको प्रकृति | प्रश्न संख्या | समय |
|---|---|---|---|---|---|
| प्रथम चरण | सामान्य ज्ञान र मनोसामाजिक परामर्श सम्बन्धी जानकारी | ७० | बहुवैकल्पिक प्रश्न | २५*२=५० | ४५ मिनेट |
| | | | विषयगत प्रश्न | ४*५=२० | ४० मिनेट |
| द्वितीय चरण | कम्प्युटर सम्बन्धी प्रयोगात्मक | २० | प्रयोगात्मक | ६ (५+५+४+३+२+१=२०) | ३० मिनेट |
| तृतीय चरण | अन्तरवार्ता | १० | | | |

**द्रष्टव्यः**

१. प्रथम चरणको प्रश्नपत्रकको भाषा नेपाली वा अङ्ग्रेजी वा नेपाली र अङ्ग्रेजी दुबै हुनेछ।

२. वष्तुगत बहुबैकल्पिक (Multiple Choice) प्रश्नको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अंक कट्टा गरिनेछ। तर उत्तर नदिएमा त्यसवापत अङ्क कट्टा गरिने छैन ।

३. बस्तुगत बहुवैकल्पिक (Multiple Choice) हुने परीणामा परीक्षार्थीले उत्तर लेख्दा अग्रेजी ठूलो अक्षरहरु (Capital Letters) मा लेख्नु पर्नेछ। सानो अक्षरहरु (Small Letters) लेखेको वा अन्य केरमेट गरेको भए सो उत्तरलाई गलत मानिनेछ ।

४. बहुबैकल्पिक प्रश्न हुने परीक्षामा कुनै प्रकारको क्यालकुलेटर प्रयोग गर्न पाईने छैन ।

५. परिक्षामा सोधिने प्रश्नहरु यथासम्भव सम्बन्धित पाठ्यक्रममा विभाजन गरेको अङ्कको आधारमा सोधिनेछ ।

६. पाठ्यक्रममा परेका कानुन, ऐन, नियम तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडी संशोधन भई हटाईएको वा थप गरी संशोधन भइ कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।

७. प्रथम चरणको परीक्षामा उत्तीर्ण भएका उम्मेदमारलाई मात्र द्वितीय चरणको परीक्षामा र तृतिय चरणको अन्तरवार्तामा सम्मिलित गराईनेछ ।

८. प्रथम चरणको लिखित परीक्षा, द्वितीय चरणको प्रयोगात्मक परीक्षा र तृतिय चरणको अन्तरवार्ता अङ्कको योग समेतका आधारमा योग्यताक्रमको सूचीमा समावेश गरी अन्तिम परीक्षा फल प्रकाशन गरिनेछ ।

**प्रथम चरणः** **अंकः५०**

**१. सामान्य ज्ञान**

१.१ नेपालको भौगोलिक अवस्था, प्राकृतिक स्रोत र साधनहरु

१.२ नेपालको ऐतिहासिक, साँस्कृतिक र सामाजिक अवस्था बारे जानकारी

१.३ नेपालको आर्थिक अवस्था र चालु आवधिक योजना सम्बन्धी जानकारी

१.४ लम्कीचुहा नगरपालिकाको भौतिक, साँस्कृति तथा ऐतिहासिक विषयवस्तु सम्बन्धी सामान्य जानकारी

**२. मनोसामाजिक परामर्श**

२.१ वैदेशिक रोजगारीका चुनौती, सवाल र समाधानका उपायहरु,

२.२ नेपालमा रोजगारीको अवस्था चुनौती र सम्भावनाहरु,

२.३ आप्रवासन र मनोसामाजिक समस्या

२.४ मनोसमाजिक परामर्शको अवधारणा, प्रक्रिया र परामर्शको विधि तथा तरिकाहरु

२.५ मनोपरामर्शकर्तामा हुनु पर्ने गुणहरु, भूमिका, जिम्मेवारी

२.६ सामुहिक मनोपरामर्श सेवाको अवधारणा, प्रक्रिया तथा समूहमा परामर्श सेवा प्रदान गर्दा ध्यान दिनुपर्ने कुराहरु र समूह संचालन गर्ने व्यक्तिमा हुनु पर्ने सिपहरु

२.७ मनोसामाजिक समस्याहरु तथा समस्या समाधानका उपायहरु

(तनाव वा दवाव सामना गर्ने तरिकाहरु, लाञ्छनाको अवधारणा यसमा सहयोग गर्ने मनोपरामर्शकर्ताको तरिकाहरु, मानसिक रोगप्रति धारणा तथा मानसिक रोगीलाई सहयोग गर्ने तरिकाहरु, मनोसामाजिक परामर्श सेवा दिँदा विष्लेषण गर्नुपर्ने पक्षहरु, आत्महत्या र रोकथाम गर्ने तरिकाहरु, आप्रवासी कामदारका श्रीमती र वालवालिकाहरुले भोग्नु परेका मुख्य चुनौतीहरु

२.८ सेवाग्राहीहरुको अभिलेख राख्ने तरिकाहरु, कार्ययोजना निर्माण

**३. नीतिगत तथा कानुनी व्यवस्था**

३.१ नेपालको संविधान भाग १ देखि ५ सम्म

३.२ स्थानीय सरकार सञ्जालन ऐन, २०७४

३.३ श्रम ऐन, २०७२

३.४ श्रम नियमावली, २०७५

३.५ वैदेशिक रोजगार ऐन, २०६४

३.६ वैदेशिक रोजगार नियमावली, २०६५

३.७ बैदेशीक रोजगार नीति

३.८ श्रम आप्रवासन नीति, २०८२

३.९ सुरिक्षित आप्रवासन (SaMi) कार्यक्रम (पाँचौ) चरण संचालन मार्गदर्शन, २०८१

**द्वितीय चरणः** **अंकः २०**

१. कम्प्युटर सम्बन्धी प्रयोगात्मक परिक्षा

१.१ Nepali Typing

१.२ English Typing

१.३ Word Processing

१.४ Electronic Spreadsheet

१.५ PowerPoint Presentation System

१.६ Internet Browsing and Website Management

**तुतिय चरणः** **अंकः १०**

**अन्तरवार्ता**